# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

स्थानीय 'ग' वर्गमा वर्गीकृत





"एलिफेन्ट्स इन द फग" ओस्कारका लागि छनोट (पृष्ठ ३ मा)



❖ वर्ष ६ ❖ अंक ८ ❖ २०८३ भदौ ३१ गते बुधबार ❖ Wednesday, 16 Sept, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### यातायात व्यवस्था कार्यालय भरतपुरसँगको सहकार्य

## कालिका नगरपालिकाबाटै स्मार्ट लाइसेन्स वितरण

**- बबिलाल तामाङ**

कालिका। कालिका नगरपालिकाले आफ्नै कार्यालयबाट चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) वितरण सेवा सुरूवात गरेको छ।

यातायात व्यवस्था कार्यालय भरतपुरसँगको सहकार्यमा नगरपालिकाले सेवाग्राहीलाई आफ्नै भवनमै सवारी चालक अनुमतिपत्र वितरण गर्ने व्यवस्था मिलाएको नगरप्रमुख विनोद रेग्मीले जानकारी दिए। उनका अनुसार यातायात व्यवस्था विभागबाट छपाइ भई आएका स्मार्ट कार्ड नगरपालिकामार्फत नै वितरण गर्न थालिएको हो।

नगरप्रमुख रेग्मीले अब कालिका नगरवासीलाई स्मार्ट कार्ड लिन भरतपुरसम्म धाउनुपर्ने बाध्यता अन्त्य भएको बताए। उनले थपे, 'नगरवासीलाई सरकारी सेवा लिन सदरमुकामसम्म पुग्नुपर्ने अवस्था हटाई स्थानीय तहमै सुविधा उपलब्ध गराउने हाम्रो लक्ष्य हो।'

उनका अनुसार यातायात व्यवस्था कार्यालयसँग भएको सम्झौताअनुसार स्मार्ट कार्ड चालक अनुमतिपत्र वितरण सेवा नगरपालिकाबाटै सुरू गरिएको हो। उनले भने, 'सरकारी सेवा सकेसम्म नगरपालिकाबाटै उपलब्ध गराउने हाम्रो लक्ष्य हो। हाल मालपोत र नापीसम्बन्धी सेवा नगरपालिकाबाटै भइरहेको छ। प्यान नम्बर र श्रम स्वीकृति-सम्बन्धी सेवा अगाडि बढाइएको छ। राष्ट्रिय परिचयपत्रका लागि फोटो खिच्ने सुविधा पनि नगरपालिकाबाटै उपलब्ध गराउने तयारी भइरहेको छ।'




यातायात व्यवस्था कार्यालय चितवनका प्रमुख अमृत अधिकारीले कालिका नगरपालिकासँग भएको सम्झौताअनुसार हाल स्मार्ट कार्ड चालक अनुमतिपत्र वितरण सेवा मात्र सुरू गरिएको स्पष्ट पारे। उनले भने, 'जिल्लामा स्थानीय तहसँग सहकार्य गरेर यस प्रकारको सेवा सुरू गर्ने कालिका नगरपालिका पहिलो हो।'

उनका अनुसार विभागबाट छपाइ भई आएका स्मार्ट कार्ड चालक अनुमतिपत्र नगरपालिकामार्फत सम्बन्धित सेवाग्राहीलाई वितरण गरिने छ। यसबाट सेवाग्राहीलाई भरतपुरसम्म आउनुपर्ने झन्झट हट्ने छ।

अधिकारीले हाल नयाँ चालक अनुमतिपत्र तथा वर्ग थपका लागि लिइने ट्रायलसम्बन्धी काम स्थगित रहेको जानकारी दिए। उनले भने, 'चालक अनुमतिपत्र लिन तथा नवीकरण गर्न आवश्यक प्रक्रिया अनलाइनमार्फत गर्न सकिन्छ। फाराम भर्ने र शुल्क भुक्तानी गर्ने सुविधा अनलाइनमै उपलब्ध छ। राष्ट्रिय परिचयपत्र तथा नागरिक एपमा रहेको क्युआर स्क्यान प्रयोग गरेर पनि फाराम भर्न सकिने व्यवस्था गरिएको छ।'

## रसुवा बाढीमा दिवङ्गतप्रति भरतपुर-२७ को श्रद्धाञ्जली सभा

### गुम्बाको एक लाख बढी आर्थिक सहयोग

**- विना तामाङ**

भरतपुर। रसुवामा आएको विनाशकारी बाढीपहिरोमा परी ज्यान गुमाएका व्यक्तिहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै भरतपुरमा विशेष मणिमोलाम पाठ, दीप प्रज्वलन तथा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ।

भरतपुर-२७, पर्शाढापस्थित धेकी छ्येलिङ बौद्ध गुम्बाको आयोजना तथा महाबौद्ध संघ-नेपालको सहजीकरणमा आज (शुक्रबार) उक्त कार्यक्रम सम्पन्न भएको हो।




बौद्ध परम्पराअनुसार आयोजित कार्यक्रममा दिवङ्गत आत्माहरूको शान्ति, सुगति तथा सद्गतिको कामना गर्दै विशेष मणिमोलाम पाठ गरिएको थियो भने दिवङ्गतप्रति श्रद्धाञ्जली अर्पण गर्दै दीप प्रज्वलन गरिएको महाबौद्ध संघका अध्यक्ष मेकना तामाङले जानकारी दिए।

अध्यक्ष तामाङले विपद्का समयमा मानवीय करुणा, आपसी सहयोग, सद्भाव तथा सामाजिक एकताको महत्वबारे जोड दिँदै विपद्बाट प्रभावित परिवार तथा समुदायलाई आवश्यक सहयोग र


(बाँकी ५ पेजमा)


## बाढीमा ज्यान गुमाउनेहरुको सम्झनामा 'मणिमोलाम' पाठ

भरतपुर।भरतपुर-११, भोजाडमा गत भाद्र १० गते रसुवाको टिमुरे, नुवाकोट, बेत्रावती र बेनीघाट क्षेत्रमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै विशेष दीप प्रज्ज्वलन तथा 'मणिमोलाम' पाठ सम्पन्न भएको छ।

छेच्यू थर्पलिङ गुम्बा संस्था, भरतपुर नगर तामाङ समाज र मन्जुश्री म्हनिपा समूहको संयुक्त आयोजनामा गरिएको उक्त कार्यक्रममा दिवङ्गत आत्माहरूको चीर शान्तिको कामना तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै दीप प्रज्ज्वलन र मौन प्रार्थना गरिएको हो।

अकल्पनीय प्राकृतिक विपत्तिमा परी ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न र शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्न स्थानीय सामाजिक तथा धार्मिक संस्थाहरूले ऐक्यबद्धता जनाउँदै उक्त कार्यक्रम गरिएको संस्थाका अध्यक्ष पञ्चबहादुर लामाले जानकारी दिए।




कार्यक्रममा सहभागीहरूले


(बाँकी ५ पेजमा)



दर्ता नं. : ७६६/०६४/०६५

समुदायमा आधारित, दिगो सहकारी

सिद्धि विनायक
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
SIDDHI BINAYAK SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

प.सं./च.नं. :०८३/०८४/ मिति : २०८३/ ०५/०५

श्री सम्पूर्ण शेयर सदस्य ज्यूहरु
भरतपुर, चितवन

विषय : १९औं वार्षिक साधारण सभा सम्बन्धमा।

महोदय,
यस संस्थाको मिति २०८३/०५/०४ गते बसेको सञ्चालक समितिको ३५औं नियमित बैठकको निर्णय अनुसार निम्न विषयहरुमा छलफल गरि निर्णयार्थ निम्न मिति, समय र स्थानमा संस्थाको गरिमामय १९औं वार्षिक साधारण सभा बस्ने भएकोले उक्त सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

छलफलका विषयहरु :-
१) संचालक समितिको तर्फबाट आ.ब. ०८२/०८३ को प्रगती प्रतिवेदन प्रस्तुत एवं छलफल र अनुमोदन।
२) आ.ब.०८२/०८३ को लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक अनुमोदन सम्बन्धमा।
३) संचालक समितिको तर्फबाट आ.ब. ०८२/०८३ को आर्थिक तथा लेखा परिक्षण प्रतिवेदन प्रस्तुत एवं अनुमोदन।
४) संचालक समितिको तर्फबाट आ.ब. ०८३/०८४ को लागि प्रस्तावित निति तथा कार्यक्रम प्रस्तुत एवं अनुमोदन।
५) संचालक समितिको तर्फबाट आ.ब. ०८३/०८४ को लागि प्रस्तावित बजेट प्रस्तुत एवं अनुमोदन।
६) आ.ब. ०८३/०८४ का लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
७) विनियम तथा आन्तरिक कार्यविधिहरु संशोधन तथा पारित सम्बन्धमा।
८) शेयर लाभाशं कोष र संरक्षित पूँजि फिर्ता कोषको रकम वितरण सम्बन्धमा।
९) अन्य विविध कोषहरुको रकम सम्बन्धमा।
१०) निर्णय पुस्तिका बन्द गर्ने प्रतिनिधि चयन सम्बन्धमा।
११) विविध सम्बन्धमा।

तपशिल :-
मिति :- २०८३ असोज ७ गते
स्थान :- चित्रावती लिजर सेन्टर, क्षेत्रपुर, भरतपुर-२, चितवन
सहभागी दर्ता समय : बिहान ११:३० बजे देखि
उद्घाटन सत्र : बिहान १२:३० बजे

- कार्यक्रममा उपस्थिति हुने सदस्यहरुले ०८३ श्रावण महिना सम्मको मासिक बचत बुझाएको हुनु पर्नेछ।
- सदस्यले आफ्नो परिचय खुल्ने कागजात वा पासबुक अनिवार्य रुपमा लिएर आउनु होला।

जयराम पाण्डे
सचिव

भरतपुर-२, चितवन
फोन नं. ०५६-५५६७५५
E-mail : siddhibinayak2065@gmail.com



कर तिर्ने संस्कृतिको विकास गरौं

❖ कानुन बमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
❖ प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रुपमा बिल-बिजक लिऔं र दिऔं,
❖ कर छली तथा अवैध कारोवारलाई निरुत्साहित गरौं,
❖ डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
❖ करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
❖ पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
❖ करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागी बनौं,

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय


### सङ्कटलाई शक्तिमा बदलौँ

भोटेकोशीमा आएको प्रलयकारी बाढीले रसुवा, नुवाकोट, धादिङ हुँदै राजधानीसम्मको जीवनलाई तहसनहस बनाएको छ। हालसम्म एक हजार ३५३ भन्दा बढी नागरिकको मृत्यु पुष्टि भइसकेको छ भने हजारौँ अझै सम्पर्कविहीन छन्। यो केवल प्राकृतिक विपत्तिमात्र नभएर जलवायु परिवर्तनले हिमालयमा पारेको गम्भीर असरको परिणाम पनि हो। विपद्को यस समयमा हामीले शोक र दुःखलाई रोदनमा सीमित नगरी भविष्यका लागि शक्ति र चेतनामा बदल्न सक्नुपर्ने छ। यसका लागि सरकारले राहत र उद्धार कार्यलाई अन्तिम प्रभावित नागरिकसम्म पुर्‍याउन सक्नुपर्ने छ। बेपत्ता नागरिकको खोजीदेखि घाइतेको उपचार, विस्थापितलाई सुरक्षित आश्रय, खाद्यान्न, औषधि र अत्यावश्यक सामग्रीको सुनिश्चितताका लागि राज्यका तीनै तहले समन्वय गरी काम गर्नुपर्छ। सरकारको जिम्मेवारी उद्धार र राहतमा मात्रै सीमित हुनु हुँदैन। क्षतिको वैज्ञानिक मूल्याङ्कन गरी प्रभावित परिवारको सुरक्षित पुनर्स्थापना, उनीहरूको जीविकोपार्जन र सामाजिक सुरक्षाको व्यवस्था गर्नु उत्तिकै आवश्यक छ।

भोटेकोशी बाढीले त्रिशूली नदीमाथिका ४१ मोटरेबल पुलमध्ये ३५ भन्दा बढी बगाएको छ। पृथ्वी राजमार्ग ठप्प हुँदा राजधानीसँग सम्पर्क विच्छेद भएको छ। यसले दस्कौँसम्मको पूर्वाधार निर्माणमा भएको कमजोरीलाई उजागर गरिदिएको छ। पुलको उचाइ, राजमार्गको स्तरोन्नति, पहिरो पन्छाउने उपकरणको तयारीजस्ता सबैमा दीर्घकालीन दृष्टि आवश्यक छ। तत्काल बेलिब्रिज स्थापना गरेर यातायात सञ्चालन गर्न सकिए पनि भविष्यमा बलिया, अग्ला र भरपर्दा पुलहरु निर्माण गरिनुपर्छ। बाढीले बगरमा परिणत गरिदिएका जमिनमा पुनः बस्ती बसाउने काम गर्नु मूर्खतापूर्ण हुनेछ। भूकम्पले उजाडिएका बस्तीहरुलाई सार्नैपर्ने अवस्था थिएन, तर यसपटक सुरक्षित पुनर्वास अपरिहार्य छ। रोजगारी, खेतीपाती गर्ने जमिन, शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता पूर्वाधारबिना गरिने स्थानान्तरण टिकाउ र स्थायी हुन सक्दैन। त्यसैले स्थानीय समुदायको सहमतिमा सुरक्षित नगर विकासको कार्ययोजना तत्काल सुरु गर्नुपर्छ। पुराना बजारको ऐतिहासिक गरिमालाई जोगाउँदै नयाँ बस्तीलाई आधुनिक सुविधासहित निर्माण गर्नु नै दीर्घकालीन समाधान हुनसक्छ।

भोटेकोशीको बाढीले दिएको पाठ केवल हिमालयको सङ्कट मात्र होइन, मानवीय सङ्कटको गहिरो चेतावनी हो। हजारौँ नागरिकले आफ्नो घर, थातथलो र पुर्ख्यौली पहिचान गुमाएका छन्, तर उनीहरुलाई सुरक्षित विकल्प दिन नसक्ने अवस्था अझ ठूलो पीडा हो। बस्ती स्थानान्तरण केवल घर बनाउने कुरा होइन; रोजगारी, शिक्षा, स्वास्थ्य, खानेपानी र सामाजिक सम्बन्धलाई समेत सुरक्षित राख्ने प्रक्रिया हो। यदि राज्यले उपयुक्त विकल्प नदिए, नागरिक पुरानै जोखिमपूर्ण बस्तीमा फर्कन बाध्य हुन्छन्। यही कारण अब सरकारको पहिलो कर्तव्य सुरक्षित पुनर्वास र नयाँ नगर विकासलाई तत्काल सुरु गर्नु हो। अस्थायी बसोबास, सम्पत्ति संरक्षण र दीर्घकालीन पुनर्निर्माणलाई मानवीय दृष्टिले अघि बढाउनुपर्छ। सङ्कटलाई शक्तिमा बदल्ने साझा सङ्कल्प भनेको नागरिकलाई फेरि असहाय भएर ज्यान गुमाउन नपर्ने अवस्था निर्माण गर्नु हो। यही नै मृतकप्रति साँचो श्रद्धाञ्जली र जीवितप्रति न्याय हुनेछ।

# एआई रोबोटले मानव सभ्यतालाई कहाँ पुर्‍याउँला ?



विचार

- डा. परशुराम दाहाल

कल्पना गर्नुहोस्, एक बिहान तपाईं उठ्नुहुन्छ तर कार्यालय जानुपर्ने हतार छैन। खेतमा एआई रोबोटले खेती गरिरहेको छ, अर्को एआई रोबोटले खाना तयार गरिरहेको छ। चालकविहीन सवार ीसाधनले मानिसलाई गन्तव्यमा पुर्‍याइरहेको छ, कारखानामा हजारौँ एआई रोबोट चौबिसै घण्टा उत्पादनमा सक्रिय छन्, अस्पतालमा कृत्रिम बुद्धिमत्ताले रोग पहिचान गरिरहेको छ र रोबोटिक प्रणालीले उपचारमा सहयोग गरिरहेको छ। घर निर्माण, सडक मर्मत, सरसफाइ, सामान ढुवानी, वृद्धवृद्धाको हेरचाहदेखि उद्योग सञ्चालनसम्मका अधिकांश काम एआई रोबोटले गरिरहेका छन्। अब अझ एक कदम अगाडि सोचौँ–यदि यी वस्तु र सेवा अत्यन्त प्रशस्त र लगभग निःशुल्क उपलब्ध भए भने मानिसले पैसा कमाउनका लागि काम किन गर्नुपर्‍यो ? खाना, घर, कपडा, यातायात, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकता सजिलै उपलब्ध भए पैसा नै किन चाहियो ?

यही भविष्यबारे एलन मस्कले सन् २०२६ मा निकै साहसी अनुमान व्यक्त गरेका छन्। द इकोनोमिस्टसँगको अन्तर्वार्तामा उनले करिब पाँच वर्षभित्र कृत्रिम बुद्धिमत्ताको समग्र क्षमता मानवजातिको संयुक्त बुद्धिमत्ताभन्दा माथि पुग्न सक्ने र एआई तथा रोबोट प्रविधिले “अद्भुत प्रचुरताको युग” ल्याउन सक्ने बताएका छन्। उनले सन् २०३६ तिर पैसा अहिलेको जस्तो महत्त्वपूर्ण नरहन सक्ने विचार समेत व्यक्त गरेका छन्। अर्थात् एआई र रोबोटले यति धेरै वस्तु र सेवा उत्पादन गर्न सक्छन् कि मानिसका लागि काम बाध्यता नभई रोजाइ बन्न सक्छ। यो निश्चित वैज्ञानिक समयतालिका होइन, मस्कको भविष्यसम्बन्धी अनुमान हो, तर यसको पछाडिको प्रविधिगत दिशा भने गम्भीर रूपमा विचार गर्न योग्य छ।

मेरो विचारमा सन् २०३६ लाई अन्तिम मिति ठान्नु आवश्यक छैन। मस्कले भनेजस्तै परिवर्तन ठीक त्यही वर्ष पूर्ण रूपमा नआउन पनि सक्छ। तर कृत्रिम बुद्धिमत्ता, मानवरूपी रोबोट, स्वचालित सवारीसाधन र स्वचालित उत्पादन प्रणाली अहिलेको वा अझ तीव्र गतिमा विकसित हुँदै गए भने आगामी ३०-४० वर्षभित्र मानिसले आज गर्ने अधिकांश बौद्धिक तथा शारीरिक काम एआई रोबोटले सम्हाल्ने सम्भावनालाई असम्भव भन्न सकिँदैन। आज कल्पना गर्नुपर्ने कुरा कुनै एउटा नयाँ उपकरणको आविष्कार मात्र होइन, मानिसले हजारौँ वर्षदेखि श्रम, आम्दानी र जीविकोपार्जनलाई जसरी बुझ्दै आएको छ, त्यसैको सम्भावित परिवर्तन हो।

यसलाई सरल तरिकाले बुझौँ। एआई रोबोटमा कृत्रिम बुद्धिमत्ता उसको दिमाग हो। क्यामेरा आँखा हुन्, माइक्रोफोन कान हो, संवेदकहरूले वरपरको वातावरण बुझ्छन्, विद्युतीय मोटरहरू मांसपेशीजस्तै काम गर्छन् र रोबोटिक हातखुट्टाले वास्तविक संसारमा काम गर्छन्। आजको कृत्रिम बुद्धिमत्ताले लेख्न, पढ्न, अनुवाद गर्न, योजना बनाउन, चित्र बनाउन, गणना गर्न र जटिल समस्या समाधान गर्न थालेको छ। अब यही कृत्रिम “दिमाग”लाई मानिसजस्तै काम गर्न सक्ने रोबोटिक शरीरसँग जोड्दा यसको क्षमता केवल कम्प्युटरभित्र सीमित रहँदैन। त्यसले खेत जोत्न, सामान उठाउन, घर बनाउन, बिरामीको हेरचाह गर्न र कारखाना चलाउनसमेत सक्छ। यही एआई दिमाग र रोबोट शरीरको मिलन आगामी औद्योगिक क्रान्तिको सबैभन्दा शक्तिशाली आधार बन्न सक्छ।

अब घरको उदाहरण लिऔँ। आज एउटा घर बनाउन नक्सा, इन्जिनियरिङ, निर्माण सामग्री, मजदुर, ढुवानी, ऊर्जा र ठूलो आर्थिक लगानी आवश्यक हुन्छ। भविष्यमा एआईले घरको नक्सा तयार गर्‍यो, एआई रोबोटले कच्चा पदार्थ निकाल्यो, अर्को स्वचालित उद्योगले निर्माण सामग्री तयार गर्‍यो, चालकविहीन सवारीले त्यो सामग्री निर्माणस्थलमा पुर्‍यायो र एआई रोबोटले जग खन्नेदेखि पर्खाल उठाउने, बिजुली-पानी जडान गर्ने र अन्तिम सजावटसम्म गरिदियो भने निर्माण लागत अत्यन्त कम हुन सक्छ। ऊर्जा पनि अत्यन्त सस्तो र प्रशस्त भयो भने एउटा सामान्य घर बनाउन लाग्ने प्रत्यक्ष मानव श्रम लगभग हराउन सक्छ। त्यस अवस्थामा स्वाभाविक प्रश्न उठ्छ–एआई रोबोटले घर छिटो र लगभग निःशुल्क बनाउन सक्छ भने मानिसले आजजस्तो २०-३० वर्ष ऋण किन तिर्नुपर्‍यो ?

खानामा पनि यही तर्क लागू हुन्छ। एआई रोबोटले खेत जोत्यो, बीउ रोप्यो, पानी हाल्यो, रोग पहिचान गर्‍यो, बाली काट्यो, प्रशोधन गर्‍यो र चालकविहीन सवारीले घरसम्म पुर्‍यायो भने खाद्यान्न उत्पादनमा मानव श्रम अत्यन्त कम हुन्छ। कपडा एआई रोबोटले बनायो, यातायात स्वचालित भयो, एआई शिक्षकले प्रत्येक बालबालिकालाई उत्कृष्ट शिक्षा उपलब्ध गरायो र एआई तथा रोबोटिक प्रणालीले स्वास्थ्य सेवाको ठूलो हिस्सा सम्हाल्यो भने मानिसलाई आजजस्तो ठूलो आम्दानी किन आवश्यक पर्लारु यदि दैनिक जीवनका मुख्य आवश्यकता अत्यन्त कम लागतमा वा निःशुल्क उपलब्ध हुन थाले भने पैसाको आवश्यकता स्वयं कमजोर हुन थाल्छ।

पैसा आखिर के हो ? पैसा स्वयम् खाना होइन, घर होइन, औषधी होइन र ऊर्जा पनि होइन। पैसा वस्तु र सेवा प्राप्त गर्ने विनिमयको माध्यम हो। आज हामी आफ्नो समय र श्रम दिन्छौँ, त्यसको बदलामा पैसा पाउँछौँ र त्यही पैसाले अर्को मानिसले उत्पादन गरेको वस्तु वा सेवा किन्छौँ। तर एआई रोबोटले उत्पादन गर्‍यो, अर्को एआई प्रणालीले व्यवस्थापन गर्‍यो, स्वचालित सवारीले ढुवानी गर्‍यो, एआई रोबोटले सेवा दियो र भविष्यमा रोबोटिक कारखानाले अर्को रोबोटसमेत उत्पादन गर्न थाल्यो भने यो परम्परागत आर्थिक चक्र नै परिवर्तन हुन सक्छ। कुनै ठूलो प्राविधिक मोड आएपछि पैसाको महत्त्व बिस्तारै मात्र होइन, अपेक्षाभन्दा धेरै छिटो घट्न पनि सक्छ।

त्यसैले “एआईले मेरो जागिर खोस्छ” भन्ने डरलाई पनि अर्को कोणबाट हेर्न आवश्यक छ। यदि खानीभित्रको जोखिमपूर्ण काम एआई रोबोटले गर्न सक्छ भने मानिसले ज्यान जोखिममा राखेर किन गर्नुपर्‍यो ? अत्यधिक गर्मीमा सडक बनाउन, भारी सामान उठाउन वा कारखानामा एउटै काम हजारौँ पटक दोहोर्‍याउन मानिस किन बाध्य हुनुपर्‍यो ? यदि एआई रोबोटले यस्ता काम सम्हाल्यो भने उसले मानिसको जागिर मात्र खोसेको होइन उसले मानिसको बाध्यकारी श्रम खोसेको पनि हुन सक्छ। हलो, ट्र्याक्टर, औद्योगिक उपकरण, कम्प्युटर र इन्टरनेटले मानिसको श्रम कम गर्दै उत्पादकता बढाए। एआई रोबोट त्यसै यात्राको सबैभन्दा शक्तिशाली अर्को चरण बन्न सक्छ।

यस परिवर्तनको प्रभाव आर्थिक जीवनमा मात्र सीमित नहुन सक्छ। विवाह, परिवार र जीवनसाथीको परम्परागत अवधारणामा पनि परिवर्तन आउन सक्छ। भविष्यमा पुरुष वा महिला स्वरूपका अत्यन्त विकसित मानवरूपी एआई रोबोटले मानिससँग स्वाभाविक संवाद गर्न, उसको स्वभाव र भावना बुझ्न, दैनिक जीवनमा साथ दिन, वृद्धावस्थामा हेरचाह गर्न र एक्लोपन कम गर्न सके भने मानिससँग सम्बन्ध र जीवनसाथीका नयाँ विकल्प हुन सक्छन्। यसको अर्थ विवाह समाप्त हुन्छ भन्ने होइन। प्रेम, परिवार र मानव सम्बन्धको आफ्नै विशेष महत्त्व रहिरहन्छ। तर केवल एक्लोपनको डर, आर्थिक सुरक्षाको आवश्यकता वा सामाजिक दबाबका कारण विवाह गर्नैपर्ने बाध्यता कम हुन सक्छ। मानिसले विवाह गर्न चाहे विवाह गर्न सक्छस नगर्न चाहे पनि प्रविधि र अन्य सामाजिक सम्बन्धको सहायताले अर्थपूर्ण जीवन बिताउन सक्छ।

अनि मानिसले कामै गर्नुपरेन भने उसले के गर्छन् त ? मानिस पैसा कमाउनका लागि मात्र सिर्जनशील हुँदैन। वैज्ञानिक जिज्ञासाका कारण अनुसन्धान गर्छ, कलाकार भावनाका कारण कला सिर्जना गर्छ, लेखक विचारका कारण लेख्छ र बच्चा कुनै तलब नपाई खेल्छ, सिक्छ र संसारबारे प्रश्न गर्छ। जीविकोपार्जनको बाध्यता कम भयो भने मानिसले परिवार, स्वास्थ्य, अनुसन्धान, कला, संगीत, साहित्य, खेलकुद, समाजसेवा, प्रकृति र नयाँ आविष्कारका लागि धेरै समय पाउन सक्छ। आज हामी आफ्नो जीवनको सबैभन्दा मूल्यवान् सम्पत्ति–समय–पैसासँग साटिरहेका छौँ। एआई रोबोटले यदि अनिवार्य श्रमबाट मानिसलाई मुक्त गर्‍यो भने यसको सबैभन्दा ठूलो उपलब्धि उत्पादन बढाउनु मात्र होइन, मानिसलाई उसको समय फिर्ता दिनु हुनेछ।

अवश्य पनि यो भविष्य निर्माण गर्न ऊर्जा, स्रोतको वितरण, एआईको स्वामित्व, सुरक्षा, गोपनीयता र प्रविधिबाट सिर्जित प्रचुरता सबै मानिससम्म कसरी पुर्‍याउने भन्ने प्रश्न समाधान गर्नुपर्नेछ। तर चुनौती छन् भन्दैमा अवसरलाई केवल डरको आँखाले हेर्नु उचित हुँदैन। मानव इतिहासमा प्रविधिले बारम्बार दुर्लभ वस्तुलाई सर्वसुलभ बनाएको छ। कुनै समय हवाई यात्रा विलासिता थियो, आज सामान्य छ। कुनै समय टेलिफोन दुर्लभ थियो, आज अरबौँ मानिसको हातमा अत्याधुनिक फोन छ। त्यस्तै एआई र रोबोट प्रविधिले भविष्यमा घर, खाना, यातायात, शिक्षा, स्वास्थ्य र अन्य सेवाको उपलब्धतामा पनि ऐतिहासिक परिवर्तन ल्याउन सक्छन्।

एलन मस्कको २०३६ को अनुमान सही समयमै पूरा हुन्छ कि हुँदैन, त्यो भविष्यले बताउने छ। तर २०३६ मा नभए पनि आगामी ३०-४० वर्षमा मानव सभ्यता यस्तो अवस्थातर्फ धेरै अगाडि बढ्न सक्छ जहाँ मानिसले जीविकोपार्जनका लागि अनिवार्य रूपमा काम गर्न नपरोस् र दैनिक जीवन चलाउन पैसा अहिले जति महत्वपूर्ण नहोस्। त्यसपछि हाम्रो मूल प्रश्न “एआईले मानिसलाई विस्थापित गर्छ कि गर्दैनरु” मात्र रहने छैन। प्रश्न हुनेछ–एआई रोबोटले मानिसले बाध्य भएर गर्नुपर्ने काम गरिदिएपछि मानव जीवन कति स्वतन्त्र, सिर्जनशील र अर्थपूर्ण बन्न सक्छ ?

यदि एक दिन एआईले सोचिदियो, एआई रोबोटले खेती गरिदियो, घर बनाइदियो, खाना तयार गरिदियो, यातायात चलाइदियो, उद्योग सञ्चालन गरिदियो, वृद्धावस्थामा साथ दियो र मानिसका आधारभूत आवश्यकता लगभग निःशुल्क पूरा गरिदियो भने हामीले फेरि सोध्नुपर्नेछ–काम किन गर्नुपर्‍योरु पैसा किन चाहियोरु सायद भविष्यमा मानव सभ्यताको सबैभन्दा ठूलो उपलब्धि धेरै पैसा कमाउनु होइन, पैसामाथिको निर्भरता नै समाप्त गर्नु हुनेछ। अनि एआई रोबोटको सबैभन्दा ठूलो सफलता मानिसलाई हटाउनु होइन, मानिसलाई अनिवार्य श्रम र आर्थिक डरबाट मुक्त गरी समय, स्वतन्त्रता, ज्ञान, सिर्जनशीलता र आफूले चाहेको जीवन बाँच्ने अवसर फिर्ता दिनु हुनेछ।

यदि एआई रोबोटले मानिसले गर्ने लगभग सबै काम गरिदियो भने मानिस अनिवार्य रूपमा अल्छी भएर मानव सभ्यता समाप्त हुन्छ भन्ने निष्कर्ष सही हुँदैन। बरु जीविकोपार्जनका लागि गर्नुपर्ने बाध्यकारी कामबाट मुक्त भएपछि मानिसले विज्ञान, अनुसन्धान, आविष्कार, कला, साहित्य, खेलकुद, परिवार, समाजसेवा र ब्रह्माण्डको खोजमा अझ बढी समय दिन सक्छ। एआई रोबोटले मानिसलाई निष्क्रिय बनाउनुको सट्टा सही रूपमा प्रयोग गरिएमा उसलाई आफ्नो रुचि र क्षमताअनुसार सिर्जनशील तथा अर्थपूर्ण जीवन बाँच्ने स्वतन्त्रता दिन सक्छ। त्यसैले एआई रोबोट मानव सभ्यताको अन्त्य होइनस श्रममा आधारित सभ्यताबाट ज्ञान, सिर्जनशीलता र स्वतन्त्रतामा आधारित नयाँ सभ्यतातर्फको यात्रा बन्न सक्छ।



# ९५ कैदीबन्दी अझै फरार

भरतपुर। जेनजी आन्दोलनका क्रममा भरतपुर कारागारबाट भागेकामध्ये अझै ९५ जना फिर्ता नभएको कारागार प्रशासनले जनाएको छ। प्रशासनका अनुसार फरार भएका ९५ जनामा ९० पुरूष र ५ जना महिला नफर्किएका हुन्। नफर्किनेमध्ये ९ जना भारतीय नागरिक र अन्य नेपाली नागरिक रहेका छन्। नफर्किने नेपाली नागरिकको संख्या ८६ रहेको छ। कारागारमा १४ जना भारतीय कैदीबन्दी रहेकामा १ जना आफैँ फर्किएका छन्।

४ जना भारतीय नागरिक भैरहवामा पक्राउ भएका थिए। फरार भएका ९ जना भारतीयको हालसम्म कुनै सूचना नभएको कारागार प्रशासनले जनाएको छ। उनीहरु प्रायः सवारी ज्यान मुद्दाका रहेका छन्।




हालसम्म ५५२ जना आफैँ फर्किएका भरतपुर कारागार प्रशासनले जनाएको छ। ८७ जनालाई भने पक्राउ गरेर पुनः कारागारमा ल्याइएको भरतपुर कारागार प्रमुख सुवास शर्माले जानकारी दिए। घटना हुँदाको दिनमा कारागारमा कुल ७ सय ४० जना कैदीबन्दी रहेका थिए।

भरतपुर कारागारबाट भागेकामध्ये ५ सय १ जना कैदीबन्दी घटना भएको एक हप्ताभित्रै कारागारमै फर्किएका थिए। ०८२ भदौ २५ गते भागेकामध्ये भोलिपल्ट नै ४२ जना आफैँ सम्पर्कमा आएका थिए। ४ जनालाई भैरहवाबाट प्रहरीले गत वर्ष भदौ २६ गते नियन्त्रणमा लिएको थियो।

कारागार प्रमुखका अनुसार अन्य कारागारमा ४ जना रहेका र एक जनाको भने कारागारबाट भागेर घरमा बसेको अवस्थामा मृत्यु भएको छ। कारागार प्रशासनले फर्किने कैदीबन्दीलाई फरक व्यवहार नगरिने भनी भदौ २५ गते नै सूचना सार्वजकि गरेको थियो।

आफैँ आउने र पक्रेर ल्याइएकाको हकमा कानुनी सुविधा फरक रहेको प्रमुख शर्माले बताए। आफैँ फर्केर आउने असल आचरण भएकामा गनिने र पक्राउ परेर ल्याइने खराब आचरणमा पर्ने हुनाले कारागारसम्बन्धी ऐननियम, नियमावलीले दिएको सुविधामा फरक पर्ने उनले बताए।


## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**नि:शुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


## स्वास्थ्य/खेलकुद



# कागती खानुका यस्ता छन् १० फाइदाहरु

भिटामिन सी पर्याप्त मात्रामा पाइने कागतीलाई आन्तरिक एवं बाह्य स्वास्थ्यको रक्षाका लागि प्रयोग गर्न सकिन्छ।

कागतीमा 'सिट्रोन' नामक पदार्थका साथै क्यारोटिन र साइटिन अम्ल पाइन्छ, जसमा विविध रोग निर्मूल गर्ने शक्ति हुन्छ। कागती खानुका केही फाइदा हामीले यहाँ प्रस्तुत गरेका छौं-



१. कागती रसले खाना रुच्ने, कब्जियतनाशक, शीतलता प्रदान गर्ने एवं सौन्दर्यवर्धक फल हो। यसको प्रयोगबाट झाडापखाला, चर्मरोग, अमलपित्त, पेटको रोग, बाथ, दाद, ज्वरो र रूघा आदि रोगबाट मुक्ति पाउन सकिन्छ।

२. कागतीको रसलाई मुलाको रससँग नुन मिसाएर सेवन गर्नाले शारीरिक बनावटमा सुन्दरता प्राप्त गर्न सकिन्छ। प्रशस्त मात्रामा यस्तो कागती पानी पिउनाले अनुहारमा डण्डीफोर हटाउन मद्दत पुग्छ।

३. पेट पोल्ने रोगका लागि मरिच र नुनको साथमा कागतीको रस खानाले फाइदा पुग्छ। पेटमा ग्यास भरिएको अनुभव भएमा एक ग्लास पानीमा विरेनुन वा सिँधेनुन र जिराको धुलो राखेर पिउनाले आराम हुन्छ।

४. कागती पानीको नियमित सेवनले रक्तसञ्चारमा सहयोग पुर्याउनुका साथै रगत सफा र शुद्ध पार्छ र हृदयशक्ति बढाउँछ।

५. कागतीको रसमा जिराको धुलो राखेर पिउनाले लामो यात्रामा बान्ता हुने समस्या आउँदैन। लामो यात्रामा बान्ता होला जस्तो भएमा कागती सुँघ्नाले पनि फाइदा पुग्छ।

६. खाली पेटमा बिहानै कागतीको रस राखेर नियमित पिउनाले पुरानो कब्जियत समेत हट्छ। साथै यसले मोटोपन घटाउन समेत मद्दत गर्छ।

७. गर्मीयाममा अरूचि भएमा खानामा कागतीको रस राखेर खाँदा रूचि बढ्छ। कागतीको रसमा सख्खर राखेर खानाले बाडुली रोकिन्छ।

८. अदुवाको धुलोमा कागतीको रस मिसाएर लेप लगाउनाले दाद र छाला चिलाउने रोग नाश हुन्छ। कागतीले शरीरमा भएका दूषित पदार्थ बाहिर निकाली आन्तरिक शक्तिमा वृद्धि गराउँछ।

९. कागतीको बियाँलाई पिसेर पानीसँग मिसाएर खाँदा पेटमा पर्ने जुका र चुर्ना नाश हुन्छन्।

१०. कागतीको रसमा चिनी राखेर पिउनाले पित्तरोगलाई फाइदा पुग्छ।


**विज्ञापन गर्नु परेमा**
सम्पर्क : ९८४५०६७४१४ ९८२७२०१७१४

"तपाईको सेवामा, आजै कल गर्नुहोस्"




- चितवन तथा तराईको उच्च गुणस्तरको ईंट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
- गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
- चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।

सम्पर्क : ९८२७२०१७१४

Cell: 9845067414
**B. & B. Media Network [P.] Ltd.**
Bharatpur, Chitwan

Remember for :
- Visiting card
- Wedding card
- Number Plate
- Color Print
- Nylon Stamp
- Bill/Receipt
- Computer Design
- Flex/Photo Print
- All kinds of Printing Job

# बाढीपश्चात् सौराहा सुनसान

भरतपुर। नेपालको प्रमुख सफारी पर्यटन गन्तव्य सौराहा बाढीपश्चात् सुनसान बनेको छ। पर्यटकको चहलपहल हराएको छ, अधिकांश होटलका बुकिङ रद्द भएका छन्।

होटल व्यवसायी रमेश सिलवालले भारतीय पर्यटक बढी आउने समयमा सडक अवरुद्ध हुँदा सबै बुकिङ रद्द भएको बताए। धार्मिक गन्तव्यतर्फ आउने भारतीय केही बुकिङ कायम रहने अपेक्षा छ।

गत वर्षको तुलनामा अहिले पर्यटक संख्या पाँच प्रतिशत मात्र छ, जबकि अघिल्लो वर्ष यसै समयमा २५-३० प्रतिशत थियो।

घिमिरेले अन्तर्राष्ट्रिय



क्षेत्रीय होटल संघ चितवनका अध्यक्ष ओमप्रकाश पाण्डेद्वारा सञ्चालित 'ल्यान्डमार्क' होटलका ७५ कोठा अहिले खाली छन्। भोटेकोशी बाढी र कृष्णभिरको सडक अवरोधका कारण ६० प्रतिशत बुकिङ रद्द भएको उनले बताए। उनका अनुसार अन्य होटलहरूको अवस्था पनि उस्तै छ। भारतको गोरखपुरबाट १०० पर्यटकले गरेको बुकिङसमेत स्थगित भएको छ। पर्यटकले समेत कार्यक्रम रद्द गर्दा यसको प्रत्यक्ष असर सौराहामा परेको छ।

होटल संघ नेपालका केन्द्रीय सदस्य सुमन घिमिरेले विभिन्न देशले नेपाललाई असुरक्षित सूचीमा राखेकाले विदेशी पर्यटकले बुकिङ रद्द गरेको बताए।

उनका अनुसार सेप्टेम्बर महिनाका सबै बुकिङ रद्द भएका छन् भने अवस्था सुध्रिएमा अक्टोबरमा सञ्चारमाध्यममार्फत नेपाल सुरक्षित रहेको सन्देश प्रवाह गर्नुपर्ने आवश्यकता औंल्याए।

सौराहामा १२० भन्दा बढी होटल छन्, जसले एकैपटक पाँच हजारभन्दा बढी पर्यटकलाई बस्न सक्ने क्षमता राख्छन्। तर, पृथ्वी राजमार्ग अवरुद्ध हुँदा पर्यटक बस रोकिएका छन्। हवाई भाडा महँगो भएकाले पर्यटक सहजै आउन सक्ने अवस्था छैन।


फोन : ९८४६४७५३४१
९८४६८५२९१५

गोरखा फेन्सी

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।




धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गरौं।

● इच्छाकामना मन्दिर। ● लामो झरना। ● उपरदाङगढी। ● बालगौरी पाथिभरा। ● सिराईचुली ● गौरीखोला झरना। ● गुप्तेश्वर महादेव मन्दिर। ● पाथिभरा मंगलागौरी मन्दिर। ● चेपाङ गाउँ लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुको अवलोकनका लागि सम्पूर्ण जनसमुदायमा इच्छाकामना गाउँपालिका हार्दिक अनुरोध गर्दछ। आन्तरिक पर्यटनको प्रवर्द्धन गरौं।



दानबहादुर गुरुङ
अध्यक्ष एवम्
इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना, चितवन


## फिल्म/मनोरञ्जन



# "एलिफेन्ट्स इन द फग" ओस्कारका लागि छनोट

काठमाडौं। सन् २०२७ मा अमेरिकामा आयोजना हुने ९९औँ एकेडेमी अवाड्र्स (ओस्कार)मा नेपालको तर्फबाट फिल्म 'एलिफेन्ट्स इन द फग' (तिनीहरू) सिफारिस भएको छ।

अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समिति (नेपाल)ले आइतबार एक विज्ञप्ति जारी गर्दै यसबारे जानकारी दिएको हो। अब यो फिल्मले ओस्कारमा 'बेस्ट फरेन ल्याङ्ग्वेज' विधामा प्रतिस्पर्धा गर्नेछ।



फिल्म छनोट समितिका अनुसार ओस्कारका लागि 'एलिफेन्ट्स इन द फग' (तिनीहरू) र 'गौंथली'ले आवेदन दिएका थिए। दुई फिल्ममध्ये प्राविधिक पक्ष, कथाको प्रस्तुति, चरित्रहरूको भावनात्मक विश्लेषण, र कलात्मक शिल्पलाई ध्यानमा राखेर 'एलिफेन्ट्स इन द फग'लाई छनोट गरिएको विज्ञप्तिमा उल्लेख छ। यो फिल्म भदौ १९ गतेदेखि नेपालका हलमा प्रदर्शन भइरहेको छ।

नेपालमा 'तिनीहरू' नाममा प्रदर्शन भएको फिल्मले गत जेठमा कान्स फिल्म फेस्टिभलमा 'अन सर्टेन रिगार्ड' विधातर्फको दोस्रो ठूलो पुरस्कार 'जुरी प्राइज' जितेको थियो।

कान्समा पहिलो पटक नेपाली फिल्मले यो विधामा पुरस्कार जितेको हो। यो फिल्म टोरोन्टो, मेलबर्न, बुसानजस्ता अन्तर्राष्ट्रिय फेस्टिभलहरूमा समेत फिल्म छनोट भएको छ।

# "पार्वती"को व्यापार २ करोड

काठमाडौं। रसुवा बाढीका कारण सिर्जित विषम परिस्थितिका बीच भदौ १२ गतेबाट प्रदर्शनमा आएको फिल्म 'पार्वती'ले घरेलु बक्स अफिसमा सुखद व्यापार गरेको छ। पहिलो १० दिनमा डेढ करोडको आँकडा पार गरेको फिल्मले पछिल्लो सात दिनमा ४६ लाखभन्दा बढीको व्यापार गरेको चलचित्र विकास बोर्डको सिनेपाः विवरणमा देखिएको छ।




सोमबार सार्वजनिक बोर्डको विवरणअनुसार फिल्मले २८ भदौ (आइतबार)सम्म २ करोड ५ लाख ८५ हजार ५९३ रुपैयाँ ग्रस कमाएको छ। सो अवधिसम्म फिल्मका ७३ हजार २२३ वटा टिकट बिक्री भएका छन्। यस वर्ष 'परालको आगो', 'लालीबजार' र 'गौँथली'पछि २ करोडको आँकडा पार गर्ने यो चौथो फिल्म हो। अहिले तेस्रो हप्तामा फिल्म प्रदर्शन भइरहेको छ।

बोर्डले सार्वजनिक गरेको कमाइ विवरणमा भदौ १९ गतेबाट प्रदर्शनमा आएको कान्स विजेता फिल्म 'एलिफेन्ट्स इन द फग' (तिनीहरू)ले भने पहिलो १० दिनमा ८५ लाख ९५ हजार ९१० रुपैयाँ ग्रस कमाएको छ। यो नेपाली फिल्मतर्फ भदौ महिनाको दोस्रो ठूलो कमाइ हो। फिल्मका आइतबारसम्म २४ हजार ४८३ वटा टिकट बिक्री भएका छन्।

सर्वकालीन ब्लकबस्टर फिल्म 'गौँथली'को व्यापार भने २६ करोड नजिक पुगेको छ। साउन १ गतेबाट प्रदर्शनमा आएको फिल्मले ५९ दिनमा २५ करोड ९३ लाख ७४ हजार ७५० रुपैयाँ ग्रस कमाइ गरेको बोर्डको तथ्यांकमा देखिन्छ। २८ भदौसम्म ९ लाख ४० हजार ५६२ जनाले फिल्म हेरिसकेका छन्। यो नेपाली फिल्मको इतिहासमा सर्वाधिक कमाउने दोस्रो फिल्म बनिसकेको छ।

# फेन्सीको ५० लाखबराबर बाढीपीडितलाई राहत सहयोग

भरतपुर। भदौ १० गते रसुवाबाट आएको भीषण बाढीबाट प्रभावित परिवारहरूको सहयोगका लागि फेन्सी व्यवसायी महासंघ नेपाल र फेन्सी व्यवसायी संघ चितवनको सहकार्यमा नुवाकोटको विदुर नगरपालिका-९ मा ५० लाख रुपैयाँभन्दा बढी मूल्यबराबरको राहत सामग्री वितरण गरिएको छ।

बाढी तथा विपद्बाट प्रभावित परिवारहरूको तत्कालीन आवश्यकता सम्बोधन गर्ने उद्देश्यले गरिएको राहत वितरणमा फेन्सी सामान, लत्ताकपडा, जुत्ता-चप्पल, खाद्यान्न, सेनेटरी प्याड, ग्यास चुलो लगायतका विभिन्न आवश्यक सामग्रीहरू उपलब्ध गराइएको थियो।

राहत वितरण कार्यक्रममा फेन्सी व्यवसायी महासंघ नेपालका अध्यक्ष तथा फेन्सी व्यवसायी संघ चितवनका अध्यक्ष रामप्रसाद पौडेलको उपस्थितिमा फेन्सी व्यवसायी संघ चितवनका प्रवक्ता सन्तोष पोखरेल तथा सदस्य विदुर रेग्मीको सहभागिता रहेको थियो।

विदुर नगरपालिका-९ का वडाध्यक्ष कमल श्रेष्ठको रोहवरमा राहत सामग्री पीडित समितिका संयोजक सिंगराज लामासहित प्रभावित परिवारहरूलाई हस्तान्तरण गरिएको थियो। कार्यक्रममा म्यागङ गाउँपालिकाकी उपाध्यक्ष सीता तामाङ तथा विदुर नगरपालिका-९ का खेलकुद विकास समितिका अध्यक्ष विजय तामाङलगायतको समेत सहभागिता रहेको थियो।

कार्यक्रममा अध्यक्ष रामप्रसाद पौडेलले राहत सामग्री तथा सहयोगको उद्देश्यबारे जानकारी गराउँदै विपद्को समयमा प्रभावित परिवारहरूसँग प्रत्यक्ष उपस्थित भएर सहयोग गर्न पाउँदा आफूलाई अत्यन्त गौरव महसुस भएको बताए। उनले यस राहत अभियानमा सहयोग गर्ने फेन्सी व्यवसायी संघ तथा महासंघसँग आबद्ध सम्पूर्ण सदस्य, व्यवसायी तथा सहयोगी महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गरे।

त्यसैगरी, विदुर नगरपालिका-९ का वडाध्यक्ष कमल श्रेष्ठले विपद्को समयमा प्रभावित परिवारहरूको पीडामा साथ दिँदै प्रत्यक्षरूपमा राहत सामग्री लिएर आएकोमा फेन्सी व्यवसायी महासंघ नेपाल तथा फेन्सी व्यवसायी संघ चितवनप्रति हार्दिक कृतज्ञता व्यक्त गरे।

उनले निजी क्षेत्र तथा व्यवसायी समुदायबाट गरिएको यस्तो मानवीय सहयोगले प्रभावित परिवारलाई ठूलो राहत पुग्ने बताए। विपद्को समयमा व्यवसायी समुदायको सामाजिक उत्तरदायित्वलाई व्यवहारमै प्रस्तुत गर्दै गरिएको यस राहत वितरणले पीडित परिवारहरूलाई तत्काल आवश्यक सामग्री उपलब्ध गराउनुका साथै 'व्यवसायसँगै सामाजिक सेवा' भन्ने भावनालाई समेत थप मजबुत बनाएको छ।

# पारिवारिक वातावरणमा 'चितवन स्पाइस हर्ब' को सेवा शुभारम्भ

भरतपुर। जापानमा दुई दशक लामो रेस्टुरेन्ट व्यवसायको अनुभव हासिल गरेका व्यवसायीले नयाँ होटल तथा रेस्टुरेन्ट सञ्चालनमा ल्याएका छन्। भरतपुर महानगरपालिका-१०, दीपेन्द्रचोकमा 'चितवन स्पाइस हर्ब' नामबाट होटल सञ्चालनमा ल्याइएको शनिबार पत्रकार सम्मेलन मार्फत जानकारी गराएको हो।

पत्रकार सम्मेलन बोल्दै हर्बका सञ्चालक प्रकाश आचार्यले बढ्दो शहरीकरणसँगै रेस्टुरेन्ट कल्चर र होटल तथा रेस्टुरेन्टमा खाना खाने प्रचलन बढिरहेको अवस्थालाई ध्यानमा राखेर होटल सञ्चालनमा ल्याइएको बताए।

सञ्चालक आचार्यका अनुसार जापानमा सातवटा रेस्टुरेन्ट सफलतापूर्वक सञ्चालन गरेको अनुभवलाई नेपालमा प्रयोग गर्दै गुणस्तरीय, स्वच्छ तथा मौलिक स्वादसहितको सेवा दिने उद्देश्य राखिएको छ।

होटलमा १२ वटा डिलक्स कोठा रहेका छन्। साथै फरक डिजाइनका दुईवटा गोलाकार आकारका कोठा पनि निर्माण गरिएको छ। होटलमा ६० जना क्षमताको एउटा तथा ३०र३० जना क्षमताका दुईवटा हल छन्। त्यस्तै, १०० जना क्षमताको रेस्टुरेन्ट र २०० जना क्षमताको रूफटप रेस्टुरेन्टसमेत सञ्चालनमा रहेको उनले बताए।




होटल परिसरमा २४ वटा कार र करिब १०० वटा मोटरसाइकल पार्किङ गर्न सकिने व्यवस्था छ। चार कठ्ठा जमिनमा निर्माण गरिएको होटलमा जग्गाबाहेक करिब पाँच करोड रुपैयाँ लगानी गरिएको छ।

**जापानीदेखि दक्षिण एसियाली परिकारसम्म**

जापानमा लामो समय रेस्टुरेन्ट व्यवसाय सञ्चालन गरेको अनुभवलाई आधार बनाएर होटलमा जापानी, इन्डियन, चाइनिजलगायत दक्षिण एसियाली परिकारलाई प्राथमिकता दिइएको छ भने नेपाली अन्य रेस्टुरेन्टभन्दा फरक स्वाद दिने गरी मेनु तयार गरिएको उनको भनाइ छ।

सञ्चालक आचार्यका अनुसार जापानको राजधानी टोकियोका प्रमुख बजार क्षेत्रमा समेत रेस्टुरेन्ट सञ्चालनको अनुभव छ। हाल जापानको खाचिदोकी, चुकिजिमा, चुक्का, हारुमी, तोयोसु र तोयोचोमा सञ्चालनमा रहेका रेस्टुरेन्टहरूको अनुभवलाई समेत चितवनको व्यवसायमा उपयोग गरिएको छ।

**पारिवारिक वातावरणमा सेवा**

होटललाई शान्त र पारिवारिक वातावरणमा सञ्चालनमा ल्याइएको जनाइएको छ। विशेष अवसरमा छुटको व्यवस्था गरिएको भन्दै सञ्चालकले ग्राहकलाई होटलको सेवाको उपयोग गर्न आग्रह गरेका छन्।

होटलमा बिहान ७ बजेदेखि बेलुका १० बजेसम्म विभिन्न परिकार तथा खाजाका स्वाद लिन सकिनेछ। ग्राहकको सुविधाका लागि होम डेलिभरी सेवा समेत उपलब्ध रहेको होटलले जनाएको छ।

बैठक, गोष्ठी, सेमिनार, साधारणसभा, अधिवेशन, जन्मदिन, एनिभर्सरी, पारिवारिक जमघट तथा साथीभाइसँगको भेटघाटलगायत कार्यक्रमका लागि पनि होटल उपयुक्त हुने गरी पूर्वाधार तयार गरिएको छ।

सञ्चालक आचार्यले व्यस्त समयका बाबजुद होटलका बारेमा समाचार सम्प्रेषण तथा प्रचारप्रसारमा सहयोग गर्ने सञ्चारकर्मीप्रति आभार व्यक्त गरेका छन्। उनले सञ्चारमाध्यममार्फत होटलको समाचारले उचित स्थान पाउने विश्वास व्यक्त गरे।

# सडक भासिएसँगै बढ्यो यात्रुको चाप

भरतपुर। पृथ्वी राजमार्गको कृष्णभीरलगायत स्थानमा सडक भाँसिएर अवरुद्ध बनेपछि भरतपुर-काठमाडौं हवाई यात्रुको चाप बढेको छ। यात्रुको चाप बढेसँगै भरतपुरबाट उडान दोब्बर बढी हुन थालेको छ।

भरतपुरबाट काठमाडौं लागि बुद्ध एयरको मात्रै जहाज सञ्चालन हुँदै आएका छन्। बुद्ध एयर भरतपुर कार्यालयका प्रमुख भक्तबहादुर बस्नेतका अनुसार सामान्य अवस्थामा भरतपुरबाट काठमाडौंका लागि दैनिक पाँच उडान हुँदै आएकोमा सडक असहज बनेसँगै सङ्ख्या बढाएर ११ वटासम्म पुयाइएको छ। दैनिक उडान आवश्यकताअनुसार ९ देखि ११ सम्म पुऱ्याइएको उनले जानकारी दिए।

चितवनबाट काठमाडौं आवतजावत गर्ने 'एटिआर ७२' जहाज हो। यसले काठमाडौंबाट आउँदा ६५ देखि ७० र यहाँबाट काठमाडौं जाँदा ५० जना यात्रु ओसार्ने गर्दछ। क्षमता ७२ जनाको भए पनि धावन मार्ग छोटो भएका कारण क्षमताअनुसारको यात्रु ओसार्न सक्दैन।

कृष्णभीरमा सडक अवरुद्ध भएपछि चितवनबाट मकवानपुर हुँदै काठमाडौं जाने वैकल्पिक सडक प्रयोग गर्ने गरिएको छ। वर्षायामका कारण यात्रुले हवाई यात्रालाई प्राथमिकता दिने गरेको उनले बताए। भरतपुरमा चितवनसहित नवलपरासी, गोरखा, तनहुँ, लमजुङ, मकवानपुरका यात्रुसमेत आउने गर्दछन्।

बुद्ध एयरले उडानको संख्या बढाएर यात्रुलाई सहजीकरण गरेको जनाएको छ।

# कृष्णभीरको सडक आंशिक सञ्चालनमा

भरतपुर। पृथ्वी राजमार्गको कृष्णभीरमा अवरुद्ध सडक आंशिक रूपमा सञ्चालनमा आएको छ। नौबिसे-मुग्लिन सडक आयोजना पश्चिम खण्डका इन्जिनियर धीरज ढकालका अनुसार सडक आगामी बिहीबारसम्म पूर्णरूपमा सञ्चालनमा ल्याइने छ।

आइतबारदेखि ग्राभेल बिछ्याउने कामसँगै सडक फराकिलो पार्ने र सतह मिलाउने कार्य भइरहेको छ। सो दिनै काठमाडौंबाट चितवनतर्फ २० वटा सवारीसाधन सफलतापूर्वक पार गराइएको थियो।

भदौ १४ गते त्रिशूली नदीको बाढीले सडक कटान गरेपछि पहाड खोलेर नयाँ ट्र्याक निर्माण गरिएको हो। उपकरण र जनशक्ति ठूलो संख्यामा परिचालन गरिएको ढकालले बताए।

यो राजमार्ग हुँदै दैनिक १४ हजारभन्दा बढी सवारीसाधन चल्ने भएकाले सडक अवरुद्ध हुँदा राजधानीमा ग्यास र खाद्यान्नको अभाव देखिएको छ। भदौ १० गतेको बाढीपछि ठूला-साना सवार ीसाधन वैकल्पिक मार्ग प्रयोग गर्दै आएका छन्।

## रसुवा ...

सहकार्यका लागि सबै पक्ष एकजुट हुनुपर्नेमा समेत जोड दिए।

कार्यक्रममा बाढी तथा अन्य विपद्मा परी ज्यान गुमाउने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै दिवङ्गत आत्माहरूले शान्ति तथा सुगति प्राप्त गरून् र शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गरिएको थियो।

सोही अवसरमा भोटेकोशी बाढीबाट प्रभावित तथा पीडित परिवारहरूको राहतका लागि रु. १ लाख १ हजार ७ सय १० सहयोग गरिएको छ।

धेकी छ्येलिङ बौद्ध गुम्बाबाट संकलित उक्त सहयोग रकम महाबौद्ध संघ-नेपालको सहजीकरणमा नेपाल सरकारको राहत कोषमा जम्मा गरिएको हो।

कार्यक्रममा गुम्बाका प्रतिनिधि, मणि आमा समूहका सदस्य, गुम्बाका पदाधिकारी, बौद्ध धर्मावलम्बी, समाजसेवी तथा स्थानीय श्रद्धालुहरूको सहभागिता रहेको थियो।

## बाढीमा ...

विनाशकारी बाढीले पुऱ्याएको अपूरणीय क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका थिए। उनीहरूले बाढीमा परी ज्यान गुमाएका पवित्र आत्माहरूले मोक्ष प्राप्त गरून् र यो कठिन बज्रपात सहन सक्ने धैर्यता पीडित परिवारजनलाई मिलोस् भन्दै सामूहिक प्रार्थना गरे।

बौद्ध परम्परा अनुसार गरिएको मणिमोलाम पूजा तथा दीप प्रज्ज्वलन कार्यक्रममा भरतपुर नगर तामाङ समाजका अध्यक्ष सूर्यप्रकाश लामा, पूर्वअध्यक्ष गंगा लामा, म्हाणिपा आमा समूहका अध्यक्ष पासाङ लामा, निवर्तमान अध्यक्ष चिनीमाया पाखिन, तामाङ समुदायका विभिन्न संघ-संगठनका प्रतिनिधि, स्थानीय समाजसेवी, बौद्ध धर्मप्रेमी तथा सर्वसाधारणको बाक्लो उपस्थिति रहेको थियो।

Babilal Tamang
: 9845067414
newsprabah.com
न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक
B. & B. MEDIA NETWORK Pvt. Ltd.
Narayangarh, Chitwan, Off.: 9827201714
Services :
◆ Advertisement ◆ Bill / Rasid print ◆ Visiting card
◆ Color Print ◆ Wedding Card ◆ Magzine Design
◆ Computer Type ◆ Pri-ink Nylon Stamp ◆ Number Plate
All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com

न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**आकस्मिक एम्बुलेन्स सेवा**

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैँडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैँडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

**अस्पताल काठमाडौं**

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

**अस्पताल चितवन**

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

**प्रहरी प्रशासन**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैँडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

**पत्रपत्रिका/सञ्चार**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष** — यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ।

**मिथुन** — यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढ्नेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट** — यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढ्नेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह** — रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या** — यो साता रमणीय र सुखद यात्राको योग छ। कहीँकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला** — यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

**वृश्चिक** — आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु** — यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर** — शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ** — यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन** — यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

# इभी गाडीमा आगो लागेर चालकको मृत्यु

भरतपुर। भरतपुर महानगरपालिका-९ स्थित बसन्तचोकमा इभी कारमा आगलागी हुँदा कारका



चालकको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार शुक्रबार बिहान ६:०० बजेको समयमा बसन्तचोकस्थित पूर्व-पश्चिम राजमार्गको सर्भिस लेनमा हेटौंडाबाट भरतपुर आउँदै गरेको बागमती प्रदेश ०१-०३० च ५५७९ नम्बरको इभी कारमा आगलागी भएको हो।

आगलागीमा परी इभी कार चालक भरतपुर-११ का ५५ वर्षीय अमर पराजुलीको मृत्यु भएको छ। उनी नारायणी विद्या मन्दिरका पूर्वसञ्चालक, पूर्व सैनिक र अपि मोटर्सका सञ्चालक हुन्।

गाडीमा आगलागी भएपछि दमकलको सहायताले आगो नियन्त्रणमा लिइएको थियो। आगलागीबाट गाडी पूर्णरूपमा जलेर क्षतिग्रस्त भएको छ। प्रहरीका अनुसार प्रारम्भिकरूपमा प्राप्त सिसिटिभी फुटेजमा गुडिरहेको कारमा आगो लागेको देखिएको छ।

आगो लागेपछि चालक पराजुलीले कारलाई सुरक्षित स्थानतर्फ सर्भिस लेनमा ल्याएको देखिए पनि कारको ढोका खोलेर बाहिर निस्कन नसकेको दृश्यसमेत फुटेजमा देखिएको प्रहरीले जनाएको छ। यस विषयमा विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# आरम्भ कलेज चौथोपटक पनि 'चितवन टप'

भरतपुर। चितवनको भरतपुरमा रहेको आरम्भ कलेजले स्नातक तह पहिलो सेमेस्टरको नतिजामा उत्कृष्ट प्रदर्शन गर्दै लगातार चौथोपटक जिल्ला प्रथम (चितवन टपर) बन्न सफल भएको छ। कलेजका विद्यार्थीहरुले बिएचएम र बिआइटिएम दुवै सङ्कायमा उत्कृष्ट जिपिए हासिल गर्दै यो सफलता दर्ता गराएका हुन्।

सार्वजनिक नतिजाअनुसार बिएचएम सङ्कायमा ३.९२ जिपिए र बिआइटिएम सङ्कायमा ३.९५ जिपिए ल्याएर आरम्भ कलेजका विद्यार्थीहरु जिल्लामै सर्वोत्कृष्ट बनेका हुन्। साथै, कलेजकी छात्रा सुहानाले ३.९५ जिपिएका साथ देशभरिकै कुल नतिजामा नेपाल पाँचौं स्थान हासिल गर्न सफल भएकी छन्।

कलेजको चौथो ब्याचको अभिमुखीकरण (ओरियन्टेसन) कार्यक्रमका अवसरमा बोल्दै आरम्भ कलेजका प्राचार्य सुरज शिवाकोटीले विद्यार्थीहरुको यो अभूतपूर्व सफलताप्रति गौरवान्वित हुँदै खुसी व्यक्त गरे।

'हाम्रा भाइबहिनीहरुले निरन्तर मेहनत गरेर कलेजलाई चौथोपटक चितवन टपर बनाएका छन्। जिल्ला टपर मात्र नभई नेपालभरिमै पाँचौं स्थान हासिल गर्नु सिङ्गो चितवनवासीकै लागि गौरवको विषय हो', प्राचार्य शिवाकोटीले भने, 'चितवनलाई कर्मथलो बनाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा अब्बल ठहरिने जुन सपना हाम्रा विद्यार्थीहरुले देखेका थिए, त्यो आज साकार हुँदै गएको छ।'

उच्च शिक्षाका लागि काठमाडौँ वा विदेश नै धाउनुपर्ने बाध्यतालाई यो नतिजाले चिरेको प्राचार्य शिवाकोटीको भनाइ छ। उनले थपे, 'गुणस्तरीय शिक्षा (क्वालिटी एजुकेसन)का लागि अब चितवन छोडेर काठमाडौँ वा विदेश गइराख्नु पर्दैन भन्ने कुरा हाम्रा विद्यार्थीहरुले साबित गरिदिएका छन्। आरम्भ कलेजले शिक्षाको त्यो गुणस्तर र मानक (स्ट्यान्डर्ड) चितवनमै स्थापित गरेको छ।'

चौथो ब्याचमा भर्ना भएका नयाँ विद्यार्थीहरुलाई स्वागत गर्दै उनले अग्रजहरुले कायम गरेको उत्कृष्टताको यात्रालाई निरन्तरता दिँदै आफ्ना सपनाहरु साकार पार्न प्रेरणा र शुभकामना व्यक्त गरे।

# बाढीपीडितको उद्धार र राहतमा जुट्न अपिल

भरतपुर। भरतपुर महानगरपालिका वडा नं. २ स्थित रामेश्वर टोल विकास संस्थाले रसुवाको केरुङ-टिमुरे आसपासमा आएको विनाशकारी बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै विपद् प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनामा जुट्न अपिल गरेको छ।

संस्थाका अध्यक्ष लक्ष्मण श्रेष्ठले एक विज्ञप्ति जारी गर्दै भदौ १० गते बिहान करिब ९ बजे नेपाल-चीन सीमा क्षेत्रअन्तर्गत रसुवाको केरुङ-टिमुरे आसपासमा चीनको तिब्बती भूभागबाट आएको बाढीका कारण ठूलो क्षति भएको घटनाप्रति दुःख व्यक्त गरेका हुन्।

विज्ञप्तिमा रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङलगायतका क्षेत्रमा प्राकृतिक विपत्तिका कारण ज्यान गुमाएका सम्पूर्ण नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरिएको छ। साथै, बाढी तथा विपद्मा परी घाइते भएका सम्पूर्ण नागरिकको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ।

अध्यक्ष श्रेष्ठले विपद्मा परी घाइते भएकाहरूको उपचारमा तत्काल तदारुकता देखाउन तथा बेपत्ता नागरिकको खोजी र उद्धार कार्यलाई तीव्र बनाउन सम्बन्धित निकायसँग आग्रह समेत गरे।

त्यस्तै, प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत संकलन, राहत वितरण तथा पुनःस्थापनाका कार्यलाई प्रभावकारी र समन्वयात्मक रूपमा अघि बढाउन संस्थाका सदस्यहरू सरोकारवाला निकायहरूलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न संस्थाले अपिल गरेको छ।

"विपद्को यस घडीमा सबै एकजुट भई मानवीय भावना, सहयोग, संयम र सहकार्यका साथ प्रभावित नागरिकको जीवन रक्षा तथा पुनःस्थापनामा योगदान



पुऱ्याऔँ," विज्ञप्तिमा उल्लेख छ।

रामेश्वर टोल विकास संस्था, भरतपुर-२, क्षेत्रपुरले विपद् प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आवश्यक सहयोग र सहकार्यमा सबैलाई सक्रिय हुन आग्रह गर्दै बाढीमा ज्यान गुमाएकाहरुको सम्झनामा दिप प्रज्वलन गरिएको थियो।

तथा भरतपुर-२, क्षेत्रपुर क्षेत्रमा बसोबास गर्ने व्यवसायी, घरधनी तथा शुभचिन्तकहरूलाई सहयोगमा जुट्न आग्रह गरिएको छ।

विपद्को कठिन र दुःखद् घडीमा प्रभावित नागरिक तथा समुदायको सहयोगका लागि सम्पूर्ण संघ-संस्था, सामाजिक अभियन्ता, व्यवसायी, नागरिक समाज तथा सम्बन्धित

# नारायणी किनारमा एक हजार पिन्ट रगत सङ्कलन

भरतपुर। चितवनको नारायणी नदीकिनारमा सञ्चालन हुँदै आएको नियमित रक्तदान कार्यक्रममार्फत एक हजार पिन्ट रगत सङ्कलन भएको छ।

'मानवताका लागि रगत अभियान' नारासहित वर्ल्ड ब्लड डोनर्स अर्गनाइजेसन (विश्व रक्तदाता सङ्गठन) चितवन शाखाले सञ्चालन गर्दै आएको सो अभियानले निरन्तर रक्तदानलाई प्रोत्साहन दिँदै आएको छ। शनिबार साँझसम्ममा एक हजार पिन्ट रगत सङ्कलन गरिएको विश्व रक्तदाता सङ्गठन चितवन शाखाका अध्यक्ष राजेन्द्रप्रसाद पौडेलले जानकारी दिए।

'हामी निरन्तर नारायणी किनारमा अपराह्न ५:०० बजेदेखि राति ८:०० बजेसम्म रक्तदान कार्यक्रम गर्दै आइरहेका छौँ, यसले रगत दिनुपर्छ भन्ने मानसिकता बढाउन सहयोग पुगेको छ, रगत पनि उत्तिकै सङ्कलन भइरहेको छ', अध्यक्ष पोडेलले भने। यस कार्यक्रमको प्राविधिक सहयोग नेपाल रेडक्रस सोसाइटी, प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरले गर्दै आएको छ। यस्तै, अभियानलाई सफल बनाउन चितवन मेडिकल कलेज ब्लड बैंकले पनि साथ दिँदै आइरहेको छ।

रक्तदान गर्ने सम्पूर्ण रक्तदाता तथा कार्यक्रम व्यवस्थापनमा सहयोग गर्ने सबैप्रति आयोजकले धन्यवाद व्यक्त गरेको छ। एक थोपा रगत कसैका लागि अमूल्य जीवन बन्न सक्ने भन्दै स्वस्थ नागरिकलाई नियमितरूपमा रक्तदान अभियानमा सहभागी हुन वर्ल्ड ब्लड डोनर्स अर्गनाइजेसनले आग्रह गरेको छ।

विश्व रक्तदाता सङ्गठनका संस्थापक अर्जुन अधिकारीले नियमितरूपमा सञ्चालन हुने यस अभियानबाट संकलित रगतले उपचाररत बिरामीहरूको जीवन बचाउन महत्त्वपूर्ण योगदान पुगेको बताए। उनले यो अभियान काठमाडौँ, चितवन, नवलपुर, वीरगञ्जमा सुरू गरिएको बताए।

बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.
भरतपुर, चितवन, मो. ९८४५०६७४१४
ना ४२ प १९९७
हाम्रा सेवाहरू :
ना ४२ प १९९७
नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ/छपाई | म्यागजिन डिजाईन
यहाँ नम्बर प्लेट बनाइन्छ ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।

''तपाईहरुको सन्तुष्टि नै हाम्रो सफलता हो''
Tamang Chitocharito Nirman Sewa Pvt. Ltd.
तामाङ छिटोछरितो निर्माण सेवा प्रा. लि.
मुख्य कार्यालय : राप्ती-७, हर्दि, चितवन / शाखा कार्यालय : हेटौंडा-९, मकवानपुर
कुनै पनि किसिमको घर तथा ब्यबसायिक संरचना निर्माण गर्नु परेमा घर धनि र कम्पनि बीच भएको सम्झौता बमोजिम आबश्यक सामान सहित बिना झन्झट घर धनीलाई चाबी हस्तान्तरण स्किम अन्तर्गत निर्माण सम्पन्न गरेर दिन्छौ ।
मुख्य कार्यालय मो. : ९८६५०४२९५६
९८४५९२७८८१
शाखा कार्यालय मो. : ९८४३९१४०३१
तामाङ छिटोछरितो निर्माण सेवा प्राली
TikTok

प्रो. लुलाराज तामाङ
मो. ९८५५०५०४५९
९८०२९२३७१०
चितवन फिस हाउस
CHITWAN FISH HOUSE
भरतपुर-१०, रिजालचोक (पुरानो हाटबजार) चितवन
हाम्रा सेवाहरू : स्थानीय उत्पादन जिउँदो तथा ताजा माछा, काँडा निकालिएको माछा, (Fish Fillet) तयारी भ्याकुम प्याकिङ माछा, माछाको सुकुटी (Dry Fish), स्थानीय जातको माछा साथै विवाह, पार्टीका लागि तयारी माछा उपलब्ध गरिनुका साथै होम डेलिभरिको व्यवस्था छ ।

## भरतपुर महानगरपालिका
## नगर कार्यपालिका कार्यालय
भरतपुर, चितवन

### सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**